नेपाली राजदूतावास, अबुधाबी
Tel.: +971-2-6344767 / 6344385, Fax: +971-2-6344469
E-mail : eonabudhabi@mofa.gov.np
Website: www.ae.nepalembassy.gov.np

Ref.

**प्रेस विज्ञप्ति**

नेपाली राजदूतावास, अबुधाबीले स्थानीय बब अल कसर होटलमा २२ पुस २०७६ (तदनुसार ७ जनवरी २०२०) मा एक भव्य कार्यक्रम आयोजना गरी नेपाल भ्रमण वर्ष, २०२० (Visit Nepal Year, 2020) को शुभारम्भ गर्यो। युएइका लागि नेपाली राजदूत महामहिम श्री कृष्णप्रसाद ढकाल, सगरमाथा आरोही Ms. Fatima Deryan, युएइ सरकारका प्रतिनिधि, वरीष्ठ व्यवसायी बी आर शेट्टीलगायत विशिष्ट व्यक्तिहरूले दीप प्रज्वलन गरी भ्रमण वर्ष, २०२० को औपचारिक शुभारम्भ गर्नुभएको थियो ।

यस अवसरमा महामहिम राजदूत श्री कृष्णप्रसाद ढकालले कार्यक्रमलाई सम्बोधन गर्नुहुदैं नेपालको प्राकृतिक सुन्दरता एवं सांस्कृतिक विविधता, नेपालमा पर्यटन उद्योगका सम्भावना एवं नेपाल भ्रमण वर्ष, २०२० का लक्ष्य तथा कार्यक्रमलगायतका विषयमा प्रकाश पार्दै उपस्थित सम्पूर्ण अतिथिहरूलाई नेपाल भ्रमण गर्न आव्हान गर्नुभएको थियो ।

साथै, उक्त अवसरमा महामहिम राजदूतले सगरमाथा आरोही Ms. Fatima Deryan लाई सम्मान गर्नुभएको थियो । Ms. Fatima ले गत मे २०१९ मा सगरमाथाको सफल आरोहण गर्नुभएको थियो । कार्यक्रममा उहाँले हिमाल आरोहणको अनुभव तथा अनुभूतिलाई रोचक ढङ्गबाट प्रस्तुत गर्नुभएको थियो । नेपालको अनुपम सौन्दर्यबाट आफू प्रभावित भएको बताउँदै उहाँले भन्नुभयो- "नेपालका हिमालमा म बेग्लै ऊर्जा पाउँछु ।" उहाँले नेपालको प्रचुर पर्यटकीय सम्भावनाको चर्चा गर्नुभएको थियो ।

कार्यक्रममा नेपालका पर्यटकीय आकर्षण झल्काउने तस्वीरहरू (Photo Exhibition) प्रदर्शन गरिएको थियो। साथै, उपस्थित स्वदेशी तथा विदेशी पाहुनाहरूसमक्ष नेपालको प्राकृतिक, सांस्कृतिक एवं ऐतिहासिक महत्त्वका प्रवर्द्धनात्मक श्रव्यदृष्य सामग्रीहरू (Promotional Videos) प्रस्तुत गरिएको थियो ।

आमन्त्रित पाहुनाहरूलाई नेपाल भ्रमण वर्षसँग सम्बन्धित उपहार सामाग्रीहरू जस्तै: pen, post card, mobile holder, batches, stickers आदि प्रदान गरिएको थियो ।

युएइस्थित नेपाली समुदायसँगको सहयोगमा नेपालको सांस्कृतिक महत्त्व झल्काउने कुमारी र छर्लो नृत्यहरूसमेत प्रस्तुत गरिएको थियो ।

उपस्थित विदेशी पाहुनाहरूबीच Lucky Draw गरी एक विजेतालाई दुबई-काठमाण्डौं-दुबईको हवाइ टिकट निशुल्क उपलब्ध गराइएको थियो ।

यस अवसरमा युएइका परराष्ट्रलगायत विभिन्न मन्त्रालय तथा Global Village, Masdar City, विभिन्न विश्वविद्यालयका प्रतिनिधिहरू, उद्योगपति, व्यापारी, ट्राभल एण्ड टुर कम्पन्नी, पत्रकार आदिको उपस्थिति रहेको थियो । कार्यक्रमको अन्त्यमा रात्रिभोजको आयोजना गरिएको थियो ।

नेपाली राजदूतावास
अबुधाबी, संयुक्त अरब इमिरेट्स
२३ पुस २०७६ (८ जनवरी २०२०)